आज मिति २०७७ साल असार ३० गते मङ्गलबारका दिन बेसीशहर नगरपालिकाका प्रमुख गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा ५७ औं बैठक बसी — तपसिल बमोजिम उपस्थितिमा तपसिल बमोजिम छल-फल एवं निर्णयहरु गरियो ।

उपस्थिती :-

१.) प्रमुख श्री गुमान सिंह अर्याल
२.) उप प्रमुख श्री लक्ष्मी देवि अधिकारी
३.) वडा अध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
४.) " " " २ श्री गणेश बहादुर कडेल
५.) ३ श्री सुर्य कुमार श्रेष्ठ
६.) ४ श्री लालबीर गुरुङ
७.) ५ श्री बम बहादुर गुरुङ
८.) ६ श्री भोज बहादुर रिमाल
९.) ७ श्री गोबिन्द बहादुर बस्नेत
१०.) ८ श्री पवित्रा थापा राना
११.) ९ श्री सरद बराल
१२.) १० श्री पूर्ण बहादुर थापा
१३.) ११ श्री अच्यूत बाबु बगाले
१४.) कार्यपालीका सदस्य श्री बिष्णु माया राना
१५.) श्री मन्दिरा दनाई
१६) श्री देव बहादुर गहतराज
१७) श्री अजय मजाकोटी
१८) श्री मलमाया गुरुङ
१९) श्री दोज बहादुर खवास
२०) श्री कृष्ण नेपाली
२१.) श्री आशा तामाङ
२२.) सदस्य सचिव श्री किशान राज चिलुवाल

सहजकर्ता कर्मचारी

२३) कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
२४) अधिकृत श्री इश्वर कमल श्रेष्ठ

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०३/३० गतेको बैठक

## निर्णयहरु

**निर्णय नं. १: बजेट संशोधन/रकमान्तर सम्बन्धमा।**

बेशीसहर नगरपालिकाको पाचौ नगरसभाबाट निर्णय भए अनुसार स्वीकृत भएका देहायका शिर्षकको रकम देहाय अनुसार रकमान्तर गरी गरी संशोधन गर्ने निर्णय गरियो।

| विवरण/शिर्षक | बार्षिक स्वीकृत | घटाउन पर्ने | बढाउन पर्ने | संसोधित वजेट | कैफियत |
|---|---|---|---|---|---|
| कर्मचारी प्रोत्साहन | ११,००,०००। | ५०००००। | ० | ६०००००। | |
| अन्य भत्ता | १,००,०००। | ० | ५,००,०००। | ६,००,०००। | |
| पानी तथा विजुली | ५०,०००। | ० | २०,०००। | ७०,०००। | |
| अन्य सम्पतिको सञ्चालन | ५०,०००। | २०,०००। | ० | ३०,०००। | |
| सशर्त अनुदान (संघ) | २६,१४,२३,०००। | ० | ७,४८,०००। | २६,२१,७१,०००। | |
| खानेपानी प्रदेश राजश्व | ५०,००,०००। | १०,००,०००। | ० | ४०,००,०००। | |
| सिंचाई योजना प्रदेश राजश्व | ० | ० | १०,००,०००। | १०,००,०००। | |

**निर्णय नं. २ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा।**

बेशीसहर नगरपालिकामा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको (अनुसूचीमा संलग्न) म्याद साविककै सेवा शर्त र सुविधामा २०७७ साउन १ गतेबाट लागु हुने गरी २०७७ श्रावण मसान्तसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ : विपद सहयोग सम्बन्धमा**

मिति २०७७ असार २५ गतेको अविरल बर्षाको कारण आएको पहिरोमा परी बेसीशहर नगरपालिका १० खाँचे स्थायी घर भई हाल बेसीशहर नगरपालिका ७ सातविसेमा बसोबास गर्दै आएका दिपक तामाङ, उनकी श्रीमती भिममाया तामाङ र निजहरुका छोरा छेवाङ तामाङको दुखद निधन भएकोमा मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै निजहरुको परिवारलाई प्रति मृतक रु १ लाखका दरले राहत सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४ : सडक योजनाको ठेक्का संझौताको म्याद थप र बजेटको लागि अनुरोध गर्ने सम्बन्धमा।**

चालु आर्थिक वर्ष २०७६/०७७ मा ठेक्का संझौता भई कार्यान्वयन शुरु भएको देहायको सडक योजना निम्न कारणले गर्दा कार्य सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेको हुँदा ठेक्का संझौताको म्याद थप गरी बजेट उपलब्ध गराइदिने व्यवस्थाको लागि गण्डकी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

**देहाय :**

| योजनाको नाम र ठेगाना | म्याद थप गर्नु पर्ने कारण |
|---|---|
| बेसीशहर मैयु सारिङ सेरा सडक बेसीशहर नगरपालिका ६ र ७ | कोरोना संक्रमणको कारणले भएको लक डाउनले गर्दा मिति २०७७।२।१६ मा ठेक्का संझौता भई कार्य सम्पन्न अवधी २०७७।३।२५ राखिएको तर उक्त अवधीमा लक डाउनको असर तथा भारी वर्षाको कारण सुचारु रुपमा कार्य गर्न नसकिएको हुँदा सो सडक अलपत्र अवस्थामा रहेकोले। |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०३/३० गतेको बैठक

**निर्णय नं. ५ : अन्य योजनाको ठेक्का संभौताको म्याद थप र बजेटको लागि अनुरोध गर्ने सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०७६/०७७ मा ठेक्का संभौता भई कार्यान्वयन शुरु भएका देहायका योजनाहरु लक डाउनको कारणले गर्दा कार्य सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेको हुँदा ठेक्का संभौताको म्याद थप गरी बजेट उपलब्ध गराइदिने व्यवस्थाकोलागि गण्डकी प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**देहाय**

१. वडास्तरीय हेल्थ सेन्टर निर्माण बेसीशहर नपा ३, गाउँशहर

२. वडास्तरीय हेल्थ सेन्टर निर्माण बेसीशहर नपा ९, धुरपुरे

३. लमजुङ दरबार गेट र सिंढी निर्माण बेसीशहर नपा ३

**निर्णय नं. ५ : पार्किङ शुल्क सम्बन्धमा**

स्थानीय सरकार सञ्चालन ऐन २०७२ को दफा ६२ अनुसार बेनपा ७ स्थित सहजी बसपार्कमा आव २०७७।०७८ को पार्किङ शुल्क लगाउने कार्यको लागि बेसीशहर नगरपालिकाको आर्थिक ऐन २०७७ समेतका आधारमा तपसिल वमोजिमको सेवाशुल्क कायम गरी न्यूनतम ठेक्का अंक २ लाख (मु.अ. कर बाहेक) कायम गरी ठेक्का बन्दोबस्ती गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं | सवारी साधन | एक घण्टासम्म रु | एक घण्टा भन्दा बढी समय रु | रात बिताउनेको लागि रु |
|---|---|---|---|---|
| १ | बस, ट्रक लगायत ठूला सवारी साधन | २० | ५० | १०० |
| २ | जीप, ट्याक्टर, कार लगायत साना सवारी साधन | १० | ३० | ५० |
| ३ | मोटरसाइकल, स्कुटर | ५ | १० | २० |

**निर्णय नं. ६ : व्यवासय सूचीकृतको प्रमाणत्र वडाबाट समेत उपलब्ध गराउने सम्बन्धमा**

बेसीशहर नगरपालिका भित्र व्यापार व्यवसाय गरी बसेका व्यवसायिक प्रतिष्ठानहरुले नगरपालिकाबाट व्यवसाय सूचीकृतको प्रमाणत्र लिने सम्बन्धमा आव २०७७।०७८ देखि तोकिएको करदस्तुर लिई सम्बन्धित वडा कार्यालयबाट व्यवसाय सूचीकृतको प्रमाणत्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ : एम्बुलेन्स चालकको भत्ता सम्बन्धमा ।**

नगरपालिकाको एम्बुलेन्स चालकलाई एम्बुलेन्स सञ्चालनबाट उठेको रकमको १० प्रतिशत भत्ता २०७७ चैतबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ : पुल निर्माणमा थप रकम अनुमोदन सम्बन्धमा**

बेसीशहर नगरपालिका वडा नं २ स्थित खहरे खोलामा निर्माण गरिएको फलामे पुल सो पुल निर्माणको क्रममा सर्वे गरेको भन्दा केही मिटर तल सार्नु परेकोले ग्याबिन जाली थप गर्नु परेको हुँदा अपुग भएको रकम रु ७०,०००। (सत्तरी हजार मात्र) थप गरी भुक्तानी भएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : चण्डीपार्कमा राष्ट्रकविको अर्धकदको प्रतिमा राख्ने सम्बन्धमा ।**

मर्स्याङ्दी बाङमय प्रतिष्ठान काठमाण्डौद्वारा बेसीशहर नगरपालिका ३ गाउँशहर स्थित चण्डीपार्कमा राष्ट्रकवि श्री माधवप्रसाद घिमिरेको अर्धकदको प्रतिमा राख्न यस अघि नै सहमति दिइएकोमा हाल पूर्ण कदको प्रतिमा राखिने भएको हुँदा पूर्ण कदको प्रतिमा राख्न सहमति दिने निर्णय गरियो ।